# स्थानीय राजपत्र

खण्डः २ कीर्तिपुर, फाल्गुण १८ गते, २०७७ साल संख्या ३

**भाग-१**

**कीर्तिपुर नगरपालिका**

**संवत २०७७ सालको ऐन नं. ३**

## कीर्तिपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

नेपाल सरकारवाट सरकारी सेवा तथा विभिन्न अन्य सेवाबाट समायोजन भई कीर्तिपुर नगरपालिकामा कामकाज गर्न कर्मचारीहरु खटाइए पश्चात कीर्तिपुर नगरपालिकाको स्थायी सेवामा प्रवेश गरी हालसम्म कार्यरत रहेका साविक स्थानीय निकायका कर्मचारीहरुको समायोजन नभएका कारण यस नगरपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारीता नदेखिएको सन्दर्भमा साविक स्थानीय निकायका कर्मचारीहरुमा प्रोत्साहन तथा उत्प्रेरणा बढाई कर्मचारीहरुको मनोबल उच्च बनाउनु पर्ने आवश्यकता मनन गरी कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) मा रहेको प्रावधान समेतलाई आधार मानी यस नगरपालिका तथा अन्य स्थानीय निकायबाट समायोजन नभई यस कार्यालयमा कार्यरत रहेका, पदस्थापना भएका कर्मचारीहरुको समायोजन गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको भाग १८, धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ ले दिएको अधिकार प्रयोग गरी कीर्तिपुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कीर्तिपुर नगरपालिका कर्मचारी समायोजन ऐन, २०७७" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) “ऐन” भन्नाले कर्मचारी समायोजन ऐन २०७५ लाई सम्झनु पर्छ ।

ख) “कर्मचारी” भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको कीर्तिपुर नगरपालिकाको स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी वा अन्य स्थानीय निकायबाट समायोजन नभई कीर्तिपुर नगरपालिकामा पदस्थापन भएका यो ऐन जारी हुँदाको बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

ग) “कार्यपालिका” भन्नाले कीर्तिपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

घ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

ङ) “नगर सभा” भन्नाले कीर्तिपुर नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त कीर्तिपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) “नगरपालिका सेवा” भन्नाले कीर्तिपुर नगरपालिकामा रहेका कर्मचारीको सेवा समुहलाई सम्झनु पर्छ ।

ज) “नगरपालिका” भन्नाले कीर्तिपुर नगरपालिकालाई सम्झनु पर्छ ।

झ) “स्थानीय कानुन” भन्नाले कीर्तिपुर नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

३. **नगर सेवाका कर्मचारी समायोजन गर्ने** : (१) साविकको स्थानीय निकायको रुपमा नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ती भई यो ऐन जारी हुँदाका बखत नगरपालिकामा कार्यरत नगर सेवाका कर्मचारीहरुको समायोजन गरिने छ ।

(२) उप दफा (१) बमोजिम नगर सेवामा हाल कार्यरत पदमा न्युनतम पाँच वर्ष अवधि पुगेका कर्मचारीहरुको समायोजन देहाय बमोजिम हुने छ । साथै हाल कार्यरत पदमा पाँच वर्ष सेवा अवधि नपुगेका कर्मचारीहरुलाई दुई ग्रेड थप गरिने छ । यसरी थप गरिने ग्रेड, अन्तिम ग्रेड संख्या भन्दा बढी भएमा समेत थप गर्न बाधा पर्ने छैन । साथै यस ऐनको दफा १० को उपदफा (२) अनुसार स्तरबृद्धि भएपछि हाल थप गरिएको दुई ग्रेड स्वतः खारेज हुनेछ ।

(३) उपदफा (२) बमोजिमको पदनाम सम्वन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ ।

(४) उपदफा (१) बमोजिम सहायकस्तर पाचौंबाट आधिकृतस्तर छैठौं तहमा समायोजन हुन छैठौं तहमा बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ । त्यस्तो न्युनतम शैक्षिक योग्यता नभएकाको हकमा खाइपाई आएको ग्रेडमा दुई ग्रेड थप गरिनेछ ।

(५) उपदफा (१) बमोजिम अधिकृत स्तरको पदमा कार्यरत कर्मचारीको शैक्षिक योग्यता कम्तिमा स्नातक तह उत्तीर्ण नभएमा कार्यरत पदमा समायोजन गरी खाइपाई आएको ग्रेडमा दुई ग्रेड थप गरिनेछ ।

(६) यस दफा बमोजिम कीर्तिपुर नगर सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(७) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजन गर्दा कायम हुने तहका निम्ति तोकिएको तलवमान र सुविधाहरु प्राप्त गर्नेछन् । गणना हुने जेष्ठताको आधारमा समायोजन हुनपूर्वको तलव तथा भत्ताहरु दावी गर्न पाइने छैन ।

४. **समायोजनको पत्र दिने :** (१) यस ऐन बमोजिम समायोजन भएपश्चात कीर्तिपुर नगरपालिका सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइने पत्र अनुसूची - १ बमोजिमको हुनेछ ।

५. **पदस्थापन गरिने :** यस ऐन बमोजिम समायोजन भएपश्चात कीर्तिपुर नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी पुनरावलोकनले निर्धारण गरे बमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिनेछ ।

६.

| **क्र.सं.** | **साविक तह** | **समायोजन पश्चात कायम हुने तह** | **पद नाम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सहायक स्तर चौथो | सहायकस्तर पाँचौ | ना.सु. | |
| २ | सहायक स्तर पाँचौ | अधिकृतस्तर छैठौं | अधिकृत | |
| ३ | अधिकृत स्तर छैठौं | अधिकृतस्तर सातौं | बरिष्ठ अधिकृत, सातौं | |
| ४ | अधिकृत स्तर सातौं | अधिकृतस्तर आठौं | बरिष्ठ अधिकृत, आठौं | |

**समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा :** यस ऐन बमोजिम समायोजन भएका कीर्तिपुर नगरपालिका सेवाका कर्मचारीहरुको तलव तथा अन्य सुविधा स्थानीय कानुनले तोके बमोजिम हुनेछ ।

७. **पुल दरबन्दी सम्वन्धी व्यवस्था :** दफा ३ बमोजिम समायोजन भएका कीर्तिपुर नगरपालिका सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरबन्दीमा कायम भएको मानिने छ। यसरी समायोजन भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाइ पदस्थापन गर्नपूर्व यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

८. **जेष्ठताको गणना :** (१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनु पुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुविधा भने यो ऐन जारी भएपश्चात मात्र लागु हुनेछ ।

९. **आवश्यक व्यवस्था मिलाउने :** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१०. माथि जुनसूकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा तपशिल बमोजिम हुनेछ ।

(१) अधिकृत छैठौंबाट सातौं तहमा स्तरबृद्धि हुनका लागि शैक्षिक योग्यताको हकमा न्युनतम स्नातक उतिर्ण हुनु पर्ने भएता पनि साविकमा सहायक स्तर पाँचौं तहका लागि निर्धारित शैक्षिक योग्यता

पूरा भई छैठौं तहमा स्तरबृद्धि भएकाको हकमा सोही तहमा सेवा अवधि न्युनतम ७ वर्ष पुरा भएको हुनु पर्नेछ ।

(२) स्तर बृद्धि हुनका लागि कार्यरत पद र तहको सेवा अवधि र शैक्षिक योग्यता हाल तोके बमोजिम पूरा नभएको हकमा सो पूरा भएको मिति देखि स्वतः स्तरबृद्धिका लागि योग्य ठहरीनेछ ।

(३) सम्वन्धित सेवाका लागि तोकेको शैक्षिक योग्यता भन्दा फरक संकायको शैक्षिक योग्यता भएकाको हकमा हाल कार्यरत पद र तहका लागि तोकेको न्युनतम शैक्षिक योग्यता सम्वन्धित संकायको भएको तर सो भन्दा माथिल्लो शैक्षिक योग्यता फरक संकायको भएता पनि माथिल्लो पद र तहमा स्तर बृद्धि हुन बाधा पर्नेछैन ।

(४) शैक्षिक योग्यता नपुगेको कर्मचारीको हकमा यो विधेयक पारित पश्चात स्तर बृद्धिका लागि एक पटकलाई मात्र मान्य हुनेछ ।

११. नेपाल सरकार वा बागमती प्रदेश सरकारवाट समायोजन सम्वन्धमा नयाँ कानून बनेमा वा बनेको कानून वमोजिम समकक्षता सहितको समायोजन सम्वन्धमा नीतिगत निर्णय भएमा यस कानून बमोजिम भएको समायोजनलाई सोही बमोजिम नै समायोजन संशोधन/मिलान गरिनेछ ।

**अनुसूची १**
**दफा ४ को उपदफा (२) संग सम्बन्धित**
**समायोजन पत्र**

**मिति** ......................

पत्र संख्या :
चलानी नं. :
श्री.............................................
.................................................

कीर्तिपुर नगरपालिका कर्मचारी समायोजन ऐन, २०७७ मा भएको व्यवस्था बमोजिम तपाईंलाई हाल कार्यरत तहमा काम गरेको अवधिलाई समायोजन पश्चातको तहमा जेष्ठता गणना हुने गरी कीर्तिपुर नगरपालिकाको तपसील बमोजिमको पद तथा तहमा समायोजन गरी पदस्थापन गरिएको छ।

आफूलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारीतापूर्वक सम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ।

समायोजन हुनु भएकोमा बधाई छ।

| कार्यरत पदको विवरण | हाल समायोजन भएको विवरण |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समूह : | पद :<br>तह :<br>सेवा :<br>समूह : |

.....................................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बागमती प्रदेश, हेटौंडा।
श्री कर्मचारी संचय कोष, ठमेल।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर।
श्री आर्थिक प्रशासन शाखा, कीर्तिपुर नगर कार्यपालिकाको कार्यालय ।

प्रमाणिकरण मितिः- २०७७/११/१८

आज्ञाले,
(सीता परियार)
प्रमुख प्रशासकीय अधिकृत